# छाया अर्थतन्त्रको बढोत्तरी



डा. डमरुबल्लभ पौडेल

भारतीय नाकाबन्दीपछि आपूर्ति अभावका कारण नेपालमा कालोबजारी फस्टाएको छ। यही सन्दर्भमा अहिले छाया अर्थतन्त्रको चर्चा पनि चुलिएको छ। अभिलेख बाहिरको अर्थतन्त्र, भूमिगत अर्थतन्त्र, दोस्रो अर्थतन्त्र, कालो अर्थतन्त्र, समानान्तर अर्थतन्त्र, अनियमित अर्थतन्त्र वा अनौपचारिक अर्थतन्त्रसमेत भनिने छाया अर्थतन्त्र सबैको चासोको विषय भएको छ। नाकाबन्दीले एक दिनमा नेपाली अर्थतन्त्रमा करिब दुई अर्बको घाटा हुने अनुमान गरिएको छ। लक्ष्यअनुसार राजस्व उठ्न नसक्ने र मुलुकमा आर्थिक संकट आई नेपालको आधिकारिक अर्थतन्त्रको वृद्धिदर यो वर्ष नकारात्मक हुने संकेतहरू देखा पर्न थालेका छन्। यसका साथै छाया अर्थतन्त्रको आकार भने निकै ठूलो मात्रामा बढिरहेको अनुमान गरिएको छ। तसर्थ, यहाँ छाया अर्थतन्त्र, यसको आकार र यसले आधिकारिक अर्थतन्त्रमा पार्ने असरको चर्चा गरिएको छ। छाया अर्थतन्त्र वैध तथा अवैध दुवै प्रकारका कारोबारबाट निर्माण भएको हुन्छ। कारोबार वैध भए पनि त्यो कुल गार्हस्थ उत्पादनको गणनामा समावेश भएको छैन भने त्यसलाई छाया अर्थतन्त्रअन्तर्गत नै गणना गरिन्छ। कर नतिरीकन हुने कारोबार वैध हिसाबले नै गरिएको भए पनि छाया अर्थतन्त्रभित्रै पर्दछ। जस्तै- कर नतिरेको स्वरोजगारको आय, कर नतिरी आर्जन गरेको तलब वा ज्याला, धेरैतिर काम गर्नेहरूले सबैतिरको आयकर गणनामा नदेखाउनु, वस्तुहरूको साटफेर गरी कर छल्नु आदि कारोबार आफैंमा वैध नै भए पनि यस्ता कारोबार करको दायरा बाहिर गरिएका छन् भने यी सबै छाया अर्थतन्त्रकै भाग हुन्।

यसैगरी दर्ता नगरी अनौपचारिक क्षेत्रमा भएका मौद्रिक तथा गैरमौद्रिक कारोबार पनि छाया अर्थतन्त्रमै पर्छन्। यसको अलावा अवैध रूपमा गरिने सबै आर्थिक क्रियाकलापहरूले छाया अर्थतन्त्रको निर्माण भएको हुन्छ। अवैध क्रियाकलापहरूमा कानुनद्वारा निषेधित वस्तु तथा सेवाको उत्पादन, बिक्रीवितरण जस्ता कारोबार पर्छन्। जस्तै- चोरीको सामानको खरिद-बिक्री, चोरी-तस्करी, कालोबजारी, जालसाजी, ड्रगको उत्पादन तथा बिक्रीवितरण, वेश्यावृत्ति, व्यावसायिक रूपमा जुवा-तास खेल्ने र खेलाउने, भ्रष्टाचार र घूसबाट गरेको आर्जनले छाया अर्थतन्त्रको सिर्जना गरेका हुन्छन्।

छाया अर्थतन्त्रको बढोत्तरी हुँदा आधिकारिक अर्थतन्त्रको आकार घट्न जान्छ र यसले देशको कुल राष्ट्रिय आय र प्रतिव्यक्ति आय कम देखिन पुग्छ। यसको उल्टो छाया अर्थतन्त्रको आकार घटाउन सके आधिकारिक अर्थतन्त्रको आकार बढ्ने, राजस्वमा वृद्धि भई देशको ढुकुटी बलियो हुने र विकास निर्माणका कार्यमा खर्च गर्ने स्रोतको उपलब्धतामा स्वत: वृद्धि हुन जान्छ। यसबाट आर्थिक क्रियाकलाप बढ्ने, रोजगार बढ्नुका साथै अर्थतन्त्रको गुणक प्रभावका कारण सबै क्षेत्रहरूमा प्रभाव परी आर्थिक वृद्धि दरसमेत बढ्छ। अर्थतन्त्र बढी चलायमान र गतिशील हुन्छ र अर्थतन्त्रको विकासमा राम्रो भूमिका खेल्दछ। यसको सट्टा छाया अर्थतन्त्रको आकार बढ्दै जाँदा र यसमा सरकारी नियमन हुन नसक्दा कर तिरेर कारोबार गर्नेहरूमा निराशा आउनुका साथै वैध अर्थतन्त्रभित्र क्रियाकलाप गर्नेहरूले आफू ठगिएको तथा आफूले तिरेको करको सही सदुपयोग नभएको गुनासोसमेत गर्छन्, जसबाट उनीहरूलाई समेत छाया अर्थतन्त्रमा कारोबार गरी छिट्टै बढी आर्जन गर्ने लालसा पैदा भइरहेको हुन्छ। यसको सट्टा छाया अर्थतन्त्रका कारोबारीहरूले कारबाही भोग्ने स्थिति पैदा गर्न सके आधिकारिक अर्थतन्त्रमा कारोबार गर्नेहरूले सुरक्षित र सम्मानित महसुस गर्छन्। तसर्थ सरकारी निकाय, सञ्चारमाध्यम र सचेत नागरिकबाट छाया अर्थतन्त्रको निरन्तर अनुगमन गरी यसलाई निरुत्साहित गरिरहनु पर्दछ। छाया अर्थतन्त्र विश्वव्यापी समस्या हो। गरिब र

> राष्ट्रलाई संकट पर्दा छाया अर्थतन्त्रमा कालो कारोबार गरी कमाउनु घोर पाप हो भन्ने नैतिक शिक्षा पनि नेपालीले लिनुपर्ने देखिन्छ।

अविकसित राष्ट्रमात्र हैन, धनी र विकसित राष्ट्रमा समेत छाया अर्थतन्त्रको आकार ठूलो रहेको तथ्य विभिन्न अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेखहरूले देखाएका छन्। यस सन्दर्भमा यहाँ अस्ट्रियाको जोन केप्लर विश्वविद्यालयका प्राध्यापक फ्रेडरिक स्नेडरको समूहले सन् २०१० मा अध्ययन गरी इन्टरनेसनल इकोनोमिक जर्नलमा प्रकाशित विश्वका १६२ वटा राष्ट्रहरूको छाया अर्थतन्त्रको आकारको अनुमान गरिएको लेखको चर्चा गर्नु वाञ्छनीय देखिन्छ। करेन्सी डिमान्ड एप्रोच प्रयोग गरी अध्ययन गरिएको उक्त लेखअनुसार सन् १९९९ देखि २००७ सम्म नौ वर्षको तथ्यांकका आधारमा अध्ययन गर्दा सन् १९९९ मा विश्वमा छाया अर्थतन्त्रको आकार आधिकारिक अर्थतन्त्रको ३४ प्रतिशत रहेको थियो भने सन् २००७ मा ३२ प्रतिशत देखिएको थियो। नौ वर्षहरूको औसत लिई गणना गर्दा १६२ राष्ट्रहरूमध्ये बोलिभियामा छाया अर्थतन्त्रको आकार सबैभन्दा ठूलो अर्थात् आधिकारिक अर्थतन्त्रको ६६ प्रतिशत रहेको पाइएको थियो भने स्विट्जरल्यान्डमा सबैभन्दा सानो अर्थात् आधिकारिक अर्थतन्त्रको आठ प्रतिशत मात्र रहेको देखिएको थियो।

यस अध्ययनअनुसार नेपाल १६२ राष्ट्रमध्ये ६४ औँ ठूलो छाया अर्थतन्त्रको आकार भएको मुलुकमा परेको थियो। जसअनुसार नेपालमा छाया अर्थतन्त्रको आकार आधिकारिक अर्थतन्त्रको ३७ प्रतिशत रहेको पाइएको थियो। दक्षिण एसियाका अन्य मुलुकहरूमा श्रीलंका, पाकिस्तान, बंगलादेश, मालदिभ्स, भुटान र भारतको छाया अर्थतन्त्रको आकार आधिकारिक अर्थतन्त्रको क्रमश: ४४, ३६, ३५, ३०, २९ र २२ प्रतिशत रहेको थियो। यसबाट दक्षिण एसियाका मुलुकहरूमा अफगानिस्तानको तथ्यांक प्राप्त नभएको र श्रीलंकापछि नेपाल दोस्रो ठूलो आकारको छाया अर्थतन्त्र भएको मुलुक देखिएको थियो।

अघोषित भारतीय नाकाबन्दी कायम भएको पनि महिनौँ बितिसकेको छ। नाकाबन्दीका कारण आपूर्तिले बजारको माग धान्न नसक्दा उपभोक्ताको विवशताबाट फाइदा उठाउने प्रवृत्ति बढेको छ। संकटकालमा वस्तु तथा सेवा पाउन तँछाडमछाड हुने र बढी पैसा तिर्नेले मात्र वस्तु तथा सेवा पाउने स्थिति देखिएको छ। कुन सामान कहिले र कति मूल्यमा पाउन सकिन्छ भन्ने सूचनाको अभावमा नाकाबन्दीअगाडिकै मितिमा उत्पादित खाने तेललगायतका वस्तुको दोब्बर मूल्य तिरी खरिद गर्न तथा लाममा बसेर पनि रित्तो हात फर्कन उपभोक्ता बाध्य छन्। बजार अनुगमन र निगरानीको कमीमा छाया अर्थतन्त्रले फस्टाउने अवसर पाई दिनानुदिन बढ्दै गएको छ भने आधिकारिक अर्थतन्त्र थला पर्न थालेको छ। नियमित नाकाहरूबाट हुने आपूर्तिमा अवरोध हुँदा तस्करहरूले सेटिङ मिलाई सिमानामा भएका खुला ठाउँबाट अवैध आयात गरिरहेका छन्। सीमा वारपार कारोबार गर्ने तस्करहरूले अत्यावश्यक वस्तु, इन्धन मात्र होइन, अवैध हतियारसमेत तस्करी गरिरहेको र यसलाई आन्दोलनरत दलका कार्यकर्ताहरूले समेत कमाउने अवसर बनाएको कुरा बाहिर आएका छन्। सुरक्षा निकायको अध्ययनले एकातिर सुरक्षा खतरा बढेको देखाएको छ भने अर्कोतिर छापा मार्दा यस्ता वस्तु समातिएबाट कालो कारोबारले उचाइ दिँदै गइरहेको पुष्टि भएको छ। काठमाडौँका पेट्रोलपम्पहरूमा पेट्रोलको चरम अभाव देखिए पनि ब्लाकमा पाँच सय रुपैयाँ लिटर पेट्रोल छ्यापछ्याप्ती पाइने गरेको छ। तस्कर र कालो अर्थतन्त्रका खेलबाडीहरूले करोडौँ कमाएका छन् भने जनता राष्ट्रियताका नाममा चुपचाप सहेर बसेका छन्। संकटको यस घडीमा आफूसँग भएको स्रोत र साधन फारोतिनो गर्ने, मौज्दातमा रहेको खाद्यान्न अभावमा परेकालाई उपलब्ध गराउने, आफूले आवश्यकताभन्दा बढी नलिएर अभाव भएकालाई सजिलो पारिदिने गर्नु आवश्यक छ। यसका साथै सरकारी निकायबाट नियमित अनुगमन गरी तल्लो तप्काका जनतालाई विशेष प्राथमिकता दिएर वितरण व्यवस्थापन गर्ने, व्यक्तिपिच्छेका पदीय सरकारी साधनको प्रयोग नगर्ने, साझा सवारी प्रयोग गर्ने, निजी सवारी साधन खाली दौडाउनुको सट्टा अरूलाई लिफ्ट दिने गरी तत्कालका लागि संकट व्यवस्थापन गर्न आवश्यक छ। दीर्घकालका लागि भने हाम्रा आर्थिक, औद्योगिक, व्यापारिक, ऊर्जा, कृषि र सिमानासम्बन्धी नीति, सन्धि र सम्झौताहरूको बलियो आँटका साथ पुनरावलोकन गरी छाया अर्थतन्त्रको कारोबार निमिट्यान्न पार्दै स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्र निर्माणको दिशामा अपरिहार्य रूपले लाग्नैपर्ने पाठ अहिलेको नाकाबन्दीले सिकाएको छ। यसका साथै राष्ट्रलाई संकट पर्दा छाया अर्थतन्त्रमा कालो कारोबार गरी कमाउनु घोर पाप हो भन्ने नैतिक शिक्षा पनि नेपालीले लिनुपर्ने देखिन्छ।

अहिलेको तराई आन्दोलनका अप्ठ्यारा माग, वार्तामा हुन नसकेको प्रगति, सरकार र आन्दोलनरत दुवै पक्षका अडान हेर्दा यो स्थिति चाँडै अन्त्य हुने लक्षण देखिएको छैन। ढुवानीको कठिनाइका कारण किसानको उत्पादनले बजार पाउन नसकी कुहिएर सडिरहेको र सहरी उपभोक्ताहरू खाद्यान्न, इन्धन र अत्यावश्यक वस्तु तथा सेवाहरूको चरम संकटमा फस्दै गइरहेका छन्। हालैको प्रधानमन्त्रीको सम्बोधनबाट पनि समस्या लम्बिँदै जाने संकेत पाइएको छ। यस सन्दर्भमा कालो बजारियाहरूको कारण स्थिति थप बिग्रन नदिनेतर्फ सचेत भई सरकार, जनता, नागरिक समाज, सञ्चारमाध्यम तथा सबै नेपाली मिलेर छाया अर्थतन्त्रका खेलाडीहरूलाई नंग्याउनुपर्ने देखिन्छ।